# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
## बागमती प्रदेश, नेपाल

पत्र संख्याः २०७८/०७९

## आमा बाबु विहीन बालबालिकाको आवेदन संकलन सम्बन्धी सूचना

*(प्रकाशित मितिः २०७८/१०/१६)*

बागमती प्रदेश सरकारबाट स्वीकृत आ.व. ०७८।७९ मा कार्यान्वयन हुने सशर्त कार्यक्रम अन्तर्गत प्रति बालबालिका मासिक रु. २,०००।-(अक्षरेपी दुई हजार) का दरले भत्ता उपलब्ध गराउने प्रयोजनार्थ आमा बाबु विहीन बालबालिका संरक्षण कार्यक्रम कार्यान्वयनका लागि आमा बाबु विहीन १८ बर्ष उमेर पूरा नगरेका बालबालिका वा निजको संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले गाउँपालिकाले तोकेको आवेदनको ढाँचा बमोजिम सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजातहरु सहित मरिण गाउँपालिका अन्तर्गतका सम्बन्धित वडा कार्यालयमा आवेदन दिन हुन सरोकारवालाहरु सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवश्यक कागजातहरु**

- जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, (नागरिकता भएमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि)
- बाबु र आमा दुबैको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि वा बाबु र आमा दुबै वेपत्ता भएको वा दुबैको संरक्षण र रेखदेखबाट बञ्चितीमा परेको प्रमाणित कागजात,
- विद्यालय भर्ना भई नियमित विद्यालय जाने गरेको भनी विद्यालयले दिएको सिफारिस पत्र (५ बर्ष उमेर पूरा गरेको बालबालिकाको हकमा मात्र)
- संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- संरक्षकको हकमा सम्बन्धित बालबालिकाको संरक्षक हो भनी वडाले प्रदान गरेको सिफारिस।

२०७८/१०/१६

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः आवेदनको ढाँचा यसै सूचनाको साथ संलग्न गाउँपालिकाको वेवसाईटबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।*